राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २८५ २०८३ जेठ ५ गते मंगलवार (19 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

# धनुषामा एक महिनामा ८८ पक्राउ, ५२ अझै बेपत्ता

## हराइरहेका महिला र बालिकाको संख्या बढ्दो

दैनिक समाचारदाता

जनकपुरधाम ४ जेठ। धनुषा जिल्लामा एक महिनाको अवधिमा विभिन्न प्रकृतिका १११ वटा अपराधसम्बन्धी घटना दर्ता भएका छन्। जिल्ला प्रहरी कार्यालय धनुषाले सार्वजनिक गरेको वैशाख महिनाको तथ्यांकले जिल्लामा सामाजिक, आर्थिक तथा संगठित अपराधका घटना उल्लेख्य रूपमा रहेको देखाएको हो।

प्रहरीको तथ्यांकअनुसार वैशाख महिनामा ज्यानसम्बन्धी एक, आत्महत्यासम्बन्धी आठ, चोरीसम्बन्धी आठ, संगठित तथा आर्थिक अपराधतर्फ १९, सामाजिक अपराधतर्फ ३३, सवारी ज्यानसम्बन्धी सात तथा अन्य विभिन्न प्रकृतिका ३५ घटना दर्ता भएका छन्। यसरी कुल १११ वटा घटनामा संलग्न व्यक्तिविरुद्ध मुद्दा दर्ता गरिएको प्रहरीले जनाएको छ।

तथ्यांकअनुसार कर्तव्य ज्यान मुद्दामा एक जना, बैंकिङ कसुरअन्तर्गत १२ जना, जुवातासस‌म्बन्धी मुद्दामा एक जना तथा ठगीसम्बन्धी घटनामा सात जनाविरुद्ध मुद्दा दर्ता गरिएको छ। यसले जिल्लामा आर्थिक अपराध र सामाजिक विकृतिका घटना पनि बढ्दो अवस्थामा रहेको संकेत गरेको छ।

प्रहरीका अनुसार चालु मुद्दाअन्तर्गत ८८ जना प्रतिवादी पक्राउ परेका छन्। त्यस्तै विभिन्न पुराना तथा पेन्डिङ मुद्दाको संख्या ६९ रहेको छ भने वैशाख महिनाभित्र ५७ मुद्दा फछ्र्योट गरिएको जनाएको छ। अपराध नियन्त्रणसँगै मुद्दा फछ्र्योटलाई पनि प्राथमिकतामा राखिएको प्रहरीको भनाइ छ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी कारबाहीअन्तर्गत ७६ जनालाई पक्राउ गरिएको तथ्यांकमा उल्लेख छ। यस्तै कैद तथा जरिवानावापत पाँच लाख ४२ हजार २३० रुपैयाँ असुल गरिएको प्रहरीले जनाएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित उजुरीको संख्या पनि उल्लेख्य रहेको देखिएको छ। वैशाख महिनामा यससम्बन्धी कुल ९५ वटा उजुरी परेको तथ्यांक छ। उमेर समूहअनुसार १८ वर्षमुनिका एक जना, १९ देखि २५ वर्ष उमेर समूहका ३४ जना, २६ देखि ४० वर्ष समूहका ४१ जना, ४१ देखि ५९ वर्षसम्मका आठ जना तथा ६० वर्षभन्दा माथिका ११ जनाले उजुरी दिएका छन्।

हराएका तथा फेला परेका महिला, पुरुष, बालबालिका र ज्येष्ठ नागरिकको संख्या पनि चिन्ताजनक देखिएको छ। प्रहरीका अनुसार वैशाख महिनामा हराएका व्यक्तिको संख्या ६५ पुगेको छ। जसमा ३३ महिला, १० पुरुष, एक बालक तथा २१ बालिका रहेका छन्। यता फेला परेकामध्ये १० महिला र तीन बालिका गरी १३ जना मात्रै भेटिएका छन्। अझै ५२ जना सम्पर्कविहीन अवस्थामा रहेको तथ्यांकले देखाएको छ।

यसैबीच, मिलापत्र तथा फछ्र्योटतर्फ १० वटा निवेदन परेकोमा २३ लाख ४५ हजार रुपैयाँ बराबरको विवाद समाधान गरिएको प्रहरीले जनाएको छ। साथै दुई धुर आठ का घरजग्गा सम्बन्धी विवाद पनि समाधान गरी सम्बन्धित पक्षलाई फिर्ता गरिएको छ।

प्रहरीका अनुसार वैशाख ११ गते राराब क्याम्पस मा बीबीए परीक्षाका क्रममा चिट चोर्न नदिएको विषयलाई लिएर क्याम्पस प्रमुखविरुद्ध नाराबाजी भएपछि सुरक्षा व्यवस्थापनका लागि १९ जना प्रहरी परिचालन गरिएको थियो।

जिल्ला प्रहरी कार्यालय धनुषाले अपराध नियन्त्रण, अनुसन्धान तथा शान्ति सुरक्षा कायम राख्न सक्रिय रूपमा काम भइरहेको जनाएको छ।

### ८ जनाले गरे आत्महत्या

धनुषा जिल्लामा आत्महत्याका घटनामा वृद्धि हुँदै गएको देखिएको छ। जिल्ला प्रहरी कार्यालय धनुषाले सार्वजनिक गरेको वैशाख महिनाको प्रगति विवरण अनुसार एक महिनाको अवधिमै ८ जनाले आत्महत्या गरेका छन्।

प्रहरीका अनुसार वैशाख महिनामा विष सेवन गरी आत्महत्या गरेको दुई वटा मुद्दा दर्ता भएको छ। जसमा एक पुरुष र एक महिला रहेका छन्। त्यसैगरी झुण्डिएर आत्महत्या गरेका ६ जनाको मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ। झुण्डिएर आत्महत्या गर्नेमा ४ पुरुष, १ बालक र १ बालिका रहेका छन्। पछिल्लो समय जिल्लामा आत्महत्याका घटनाहरू महिनैपिच्छे बढ्दै गएको प्रहरी तथ्यांकले देखाएको छ।

मानसिक तनाव, पारिवारिक विवाद, आर्थिक समस्या तथा सामाजिक दबाबजस्ता कारणले आत्महत्याका घटना बढ्न सक्ने अनुमान गरिएको छ। यद्यपि, घटनाको वास्तविक कारणबारे प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ। प्रहरीले मानसिक तनावमा रहेका व्यक्तिलाई परिवार तथा समाजले समयमै सहयोग र परामर्श दिन आवश्यक रहेको उल्लेख गर्दै आत्महत्या न्यूनीकरणका लागि सबै पक्ष जिम्मेवार बन्नुपर्नेमा जोड दिएको छ।

# स्थानीय तहबाटै कर तिर्ने व्यवस्था गर्न हर्कराज राईको माग

दैनिक समाचारदाता



काठमाडौं ४ जेठ। हर्कराज राई ले व्यवसायीलाई स्थानीय तहबाटै कर तिर्न सकिने व्यवस्था मिलाउन सरकारसँग आग्रह गरेका छन्।

प्रतिनिधिसभाको सोमबारको बैठकमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) माथिको छलफलमा भाग लिँदै अध्यक्ष राईले सामान्य रकमको कर बुझाउनसमेत टाढाटाढासम्म कर कार्यालय धाउनुपर्ने अवस्थाप्रति जनगुनासो आएको उल्लेख गरे। उनले उक्त समस्यालाई तत्काल सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराए। उनले संसद् बैठकप्रति सरकार जिम्मेवार नदेखिएको आरोप लगाउँदै त्यसको विरोधस्वरूप आफूहरूले 'प्लेकार्ड' प्रदर्शन गरेको बताए। सांसद राईले सप्तकोशी-धरान क्षेत्रका तटबन्ध निर्माण, खानेपानी व्यवस्थापन तथा ल्याण्डफिल्ड साइट निर्माणका विषय आगामी बजेटमा प्राथमिकतासाथ समावेश गर्न पनि सरकारसँग माग गरे।

# ठूलो मात्रामा लागुऔषध फेला, एक पक्राउ

दैनिक समाचारदाता

जनकपुरधाम, ४ जेठ। इलाका प्रहरी कार्यालय ढल्केबर ले धनुषाको एक औषधी पसलबाट ठूलो परिमाणमा लागुऔषध बरामद गर्दै एक जनालाई पक्राउ गरेको छ।

प्रहरीले धनुषाधाम नगरपालिका-८ स्थित भिमान चोकमा रहेको 'समीक्षा हेल्थ केयर' बाट सन्तोषकुमार विश्वकर्मा लाई पक्राउ गरेको हो।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसी का अनुसार जनपद प्रहरी र लागुऔषध ब्युरो शाखा कार्यालय बर्दिवास बाट खटिएको संयुक्त टोलीले औषधी पसल तथा घरको कोठामा खानतलासी



गर्दा लागुऔषध बरामद गरेको हो।

प्रहरीका अनुसार बरामद गरिएका लागुऔषधमा ट्यापेन्टाडोल ५० एमजीका एक हजार ७०० पिस, स्पासरेस्ट १०० एमजीका एक हजार ५९० पिस, ट्यापेन्टाडोल १०० एमजीका एक हजार २०० पिस, ट्रामाडोल ५० एमजीका १०० पिस, ट्रामाडोल एनाट्रामका २९ पिस, एन्टिकोफका ५०० पिस, स्पासपेनका ५०० पिस तथा स्पाज्मो २० एमजीका ३०० पिस रहेका छन्।

बरामद गरिएका सबै औषधी गरी कुल पाँच हजार ९१९ पिस लागुऔषध फेला परेको प्रहरी

## जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं


- जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लङ्घन हो- यसको अन्त्य गरौं,
- सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
- दलित तथा पछाडि परेका / पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
- हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
- एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं।

समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार।


नेपाल सरकार
विज्ञापन बोर्ड

अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

## सम्पादकीय

# समावेशी न्यायपालिकाको अपरिहार्यता

लोकतान्त्रिक शासन व्यवस्थाको मूल आधार स्वतन्त्र, निष्पक्ष र जनउत्तरदायी न्यायपालिका हो । कार्यपालिका र व्यवस्थापिका शक्तिशाली हुँदै जाँदा तिनलाई संवैधानिक सीमाभित्र राख्ने अन्तिम जिम्मेवारी न्यायपालिकामाथि नै रहन्छ । त्यसैले न्यायालयमा राजनीतिक प्रभाव, पक्षपात वा कुनै विशेष वर्गको वर्चस्व रहनु लोकतन्त्रकै लागि घातक बन्न सक्छ । यही सन्दर्भमा मधेश प्रदेश सभाका सभामुख रामअशिष यादव ले न्याय परिषद् र सर्वोच्च अदालत समावेशी तथा निष्पक्ष हुनुपर्ने आवश्यकता औंल्याउनु समयसापेक्ष र सान्दर्भिक छ ।

नेपालको संविधान २०७२ जारी भएपछि मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरे पनि समावेशिताको प्रश्न अझै पूर्ण रूपमा सम्बोधन हुन सकेको छैन । विशेषगरी मधेश आन्दोलनले उठाएका भाषा, प्रतिनिधित्व, नागरिकता, सीमांकन र राज्य संरचनामा समान सहभागिताका मुद्दा अझै बहसकै विषय बनेका छन् । संविधान निर्माणका क्रममा उठेका ती आवाजहरूलाई बेवास्ता गरिँदा नै मधेशमा लामो समयसम्म असन्तुष्टि र आन्दोलन देखिएको थियो । अहिले पनि राज्यका प्रमुख अंगहरूमा समानुपातिक प्रतिनिधित्वको अभाव महसुस गरिनु गम्भीर चिन्ताको विषय हो ।

न्यायपालिकामा समावेशिता केवल प्रतिनिधित्वको सवाल मात्र होइन, न्यायप्रतिको विश्वाससँग पनि जोडिएको विषय हो । जब अदालत, न्याय परिषद् वा संवैधानिक निकायहरूमा समाजका सबै वर्ग, समुदाय, भाषा र क्षेत्रको प्रतिनिधित्व सुनिश्चित हुन्छ, तब न्याय प्रणालीप्रति नागरिकको भरोसा बलियो बन्छ । तर, न्यायिक क्षेत्रमा सीमित समूहको वर्चस्व कायम रहिरहँदा उत्पीडित समुदायले आफूलाई राज्यबाट टाढिएको अनुभूति गर्न सक्छन् । त्यसैले समावेशी न्यायपालिका लोकतन्त्रको सौन्दर्य मात्र होइन, स्थायित्वको आधार पनि हो ।

सभामुख यादवले उठाएको अर्को महत्त्वपूर्ण विषय राष्ट्रिय कामकाजको भाषासँग सम्बन्धित छ । नेपाल बहुभाषिक र बहुसांस्कृतिक मुलुक भए पनि राज्य सञ्चालनमा नेपाली भाषाको एकाधिकारजस्तै अवस्था देखिन्छ । मैथिली, भोजपुरी, बज्जिका लगायतका भाषालाई सरकारी कामकाजमा स्थान दिनु केवल भाषिक सम्मानको प्रश्न होइन, संविधानले प्रत्याभूत गरेको समानताको अधिकार कार्यान्वयन गर्ने दायित्व पनि हो । मातृभाषाको सम्मानले नागरिकलाई राज्यसँग नजिक बनाउँछ र राष्ट्रिय एकतालाई अझ मजबुत बनाउँछ ।

नागरिकता समस्या र प्रदेश सीमांकनको विषय पनि मधेशको संवेदनशील मुद्दा रहिआएको छ । नागरिकता वितरणमा रहेको झन्झटले हजारौं नागरिकलाई शिक्षा, रोजगारी र राज्यका आधारभूत सेवाबाट वञ्चित गरिरहेको छ । सीमांकनप्रति असन्तुष्टि पनि अझै कायम छ । यी विषयलाई राजनीतिक स्वार्थभन्दा माथि उठेर राष्ट्रिय सहमतिका आधारमा समाधान गर्न सकिए मात्र संघीयताको वास्तविक मर्म स्थापित हुन सक्छ ।

संविधान कुनै स्थिर दस्तावेज होइन । समय, समाज र जनताको आवश्यकताअनुसार त्यसमा संशोधन र परिमार्जन हुनु स्वाभाविक प्रक्रिया हो । तर संशोधनको बहस सत्ताकेन्द्रित लाभ वा दलगत स्वार्थमा सीमित हुनुहुँदैन । जनताको भावना, समावेशिता, समान अवसर र न्यायपूर्ण राज्य व्यवस्थालाई केन्द्रमा राखेर संविधान संशोधन गरिनुपर्छ । अहिले भइरहेको संवाद र अन्तरक्रियाले यदि वास्तवमै जनआकांक्षालाई सम्बोधन गर्ने दिशामा काम गर्छ भने त्यसले लोकतन्त्रलाई अझ बलियो बनाउनेछ ।

नेपालको लोकतान्त्रिक भविष्य समावेशी राज्य संरचना, निष्पक्ष न्यायपालिका र सबै समुदायको सम्मानजनक सहभागितामै निर्भर छ । त्यसैले न्यायिक तथा संवैधानिक सुधारका बहसलाई केवल औपचारिकतामा सीमित नराखी व्यवहारमै लागू गर्न सक्नु आजको सबैभन्दा ठूलो आवश्यकता हो ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# किन राखिन्छ मन्त्रालयका लम्बेतान नाम ?



कमलराज लम्साल

जेन्जी आन्दोनलको बलमा बनेको बालेन शाह नेतृत्वको शक्तिशाली सरकारले संघीय सरकारका मन्त्रालयको संख्या २२ बाट घटाएर १८ वटा बनाएको छ।

प्रशासनिक पुनर्संरचना आयोगहरूका सिफारिस तथा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को चुनावी बाचा पत्र बमोजिम उक्त संख्या घटाई मन्त्रालयका क्षेत्राधिकार समेत फेरबदल गरिएको छ। यसलाई प्रशासनिक खर्च कटौती गरी सुशासन कायम गर्न सहयोग पुग्ने सकारात्मक कदमको रुपमा हेरिएको छ।

यद्यपी सरकार फेरिँदैपिच्छे मन्त्रालयको संख्या थपघट र नाम परिवर्तन गरिनुले संस्थागत अस्थिरता देखिन्छ। जुन राष्ट्रनिर्माणका लागि सबल संस्थाहरू निर्माण गरिनुपर्ने सिद्धान्त विपरीत छ।

कतिपय मुलुकमा मन्त्रालयको आफ्नै बेग्लै पहिचान र इतिहास भएको पाइन्छ। उदाहरणका लागि संयुक्त राज्य अमेरिकामा सबैजसो मन्त्रालयका आआफ्नै लोगो समेत निर्धारण गरिएको छ।

जसले उक्त संस्थाको पहिचान, स्वतन्त्र अस्थित्व, ऐतिहासिकता र निरन्तरता झल्काउँछ।

त्यसो त तर्ककै लागि नाम मात्रले केही हुँदैन, कामले देखाउनुपर्छ भन्न पनि सकिन्छ। तर नामको फेरबदलले एकातिर संस्थाहरुको अस्थिरता बुझाउँछ भने अर्कोतिर शासकहरूको अदूरदर्शिता पनि। अत: कुनै पनि संस्थाको नाम र कामबारे निर्णय गर्दा दुरगामी सोचले गरिनुपर्छ न कि हचुवा र आवेगका आधारमा ।

समय सापेक्ष बनाउन क्षेत्राधिकार थप गर्न सकिए पनि नाममा मात्र खेलिरहनु उपयुक्त हुँदैन। अर्को पाटोबाट हेर्दा नाम सरल र सहज हुन जरुरी छ। किनभने नाम सधैं लेखिरहनुपर्छ। उच्चारण गरिरहनुपर्छ। कतिपय लामा नामहरू भएमा झण्झटमुक्त बनाउन छोटो नामको पनि प्रयोग गरिन्छ। यसको मतलब मान्छेले छोटो नाम नै रुचाउँछ भन्ने हो।

यद्यपी नाम छोटकरीमा लेख्दा कहिलेकाहीं त्यसले समग्रतालाई न्याय गर्न सक्दैन र कतिपय अवस्थामा आधिकारिकता समेत गुम्छ। यस लेखमा नेपालमा संघीय सरकार मातहत कति मन्त्रालय राख्ने र तिनलाई कसरी दिगो नाम दिन सकिन्छ भन्ने चर्चा गरिएको छ।

एउटा महत्वपूर्ण कुरा के छ भने मन्त्रालयको निर्धारण गर्दा संख्यामा मात्र कठोर नभई कार्यमुखी र दिगो संस्था निर्धारण गर्नु बढी प्रभावकारी हुन्छ। नेपालको संविधानको अनुसूची ५ बमोजिम संघीय सरकारका मुलभूत कार्यक्षेत्र, केही कार्यकारी परम्परा तथा मुलुकको विशेषता समेतलाई ख्याल गरी समृद्धिको सपनालाई साकार पार्न निम्न मन्त्रालय स्थापना गरी तिनको दिगो संस्थागत विकास गर्न सकिन्छ।

हुनत व्यक्तिपिच्छे सोच फरक फरक हुन्छ। त्यसैले प्रशासनिक पुनर्संरचना आयोगपिच्छे मन्त्रालयका फरक फरक नाम र संख्या सिफारिस गरिएका छन्।

यद्यपी बहुअपेक्षित हालको बलियो सरकारले दिगो सार्वजनिक संस्था निर्माणमा पनि विशेष ध्यान दिनु जरुरी छ।

भूपरिवेष्ठित र सानो मुलुकका संवेदनशीलता समेत ख्याल गरी संविधानले दिएको अधिकार तथा अन्तर्राष्ट्रिय प्रचलन समेतका आधारमा संघीय सरकार मातहत निम्न मुख्य कार्यक्षेत्र रहने गरी प्रधानमन्त्रीको कार्यालयसमेत गरी देहायका १८ मन्त्रालय गठन र संस्थागत गर्न सकिने देखिन्छ।

यसरी निर्मित सबै मन्त्रालय जुन समन्वयकारी तथा कार्यउन्मुख र व्यवहारमुखी हुन्छन् न कि निर्देशनमुखी मात्र। यसका साथै मन्त्रालयका अतिरिक्त केही महत्वपूर्ण र आवश्यक समन्वयकारी संस्थाहरूसमेत निर्माण गर्न सकिन्छ।

### १. *प्रधानमन्त्रीको कार्यालय*

प्रधानमन्त्रीको कार्यालय संघीय कार्यकारीको मुख्यालय हो। जसअन्तर्गत मुख्यतया मन्त्रिपरिषद्, संघीय मामिला, र निजामती प्रशासनलाई राख्न सकिन्छ। साथै यसले सुशासन सम्बन्धी सम्पूर्ण कामको समन्वय गर्नेछ।

### २. *अर्थ मन्त्रालय*

अर्थ मन्त्रालयले सामान्यतया बजेट निर्माण, कर तथा राजश्व, भन्सार, सार्वजनिक खर्च, वित्तीय नीति, सार्वजनिक ऋण, वित्तीय अनुशासन तथा आर्थिक योजना जस्ता पारम्परिक कार्य गर्छ।

### ३. *गृह मन्त्रालय*

गृह मन्त्रालयले राज्यको आन्तरिक सुरक्षा तथा अमनचयन कायम गर्ने, प्रहरी, विपद, कानून कार्यान्वयन, सीमा प्रशासन, अध्यागमन, तथा अन्य मामिला हेर्छ। सामान्यतया अन्य मन्त्रालयको काम भनी नतोकेका काम समेत गृह मन्त्रालयले गर्छ।

### ४. *परराष्ट्र मन्त्रालय*

यस मन्त्रालयले कूटनीति, दूतावासहरू, अन्तर्राष्ट्रिय सन्धी र सम्झौता, वैदेशिक नीति, अन्तर्राष्ट्रिय संगठन, द्वीपक्षीय तथा बहुपक्षीय सम्बन्ध, विदेशमा रहेका नेपाली नागरिकको रक्षा आदि प्रमुख कार्य गर्छ।

### ५. *रक्षा मन्त्रालय*

रक्षा मन्त्रालयले विशेष गरी देशको सीमा तथा सामरिक सुरक्षाको काममा समन्वय गर्छ। जसको मुख्य कार्यक्षेत्रमा नेपाली सेना र राष्ट्रिय सुरक्षा नीति तथा रणनीति पर्छ।

### ६. *पर्यटन तथा खेलकुद मन्त्रालय*

नेपाल संसारकै एक उत्कृष्ट पर्यटकीय गन्तव्य हो। यसलाई विशेष क्षेत्रका रुपमा हेरिनुपर्छ। पर्यटन नेपालको मृदु शक्ति कूटनीति हुनुपर्छ र यो आर्थिक विकासको आधार पनि हो। यस मन्त्रालयले मुख्यतया पर्यटन प्रवर्द्धन, पुरातत्व, यात्रा तथा आतिथ्यता, पर्यटकीय नीति, बजारीकरण तथा छवि निर्माण आदि काम गर्छ।

खेलकुदलाई पर्यटनसँग जोड्नु निकै सान्दर्भिक र अर्थपूर्ण हुन्छ। खेल पर्यटनको महत्वपूर्ण आधार हो। नेपालमा हिमाल आरोहणदेखि साहसिक खेल पर्यटनका सबै क्षेत्रलाई जोड्न सकिन्छ। नेपालले खेल क्षेत्रबाट आफ्नो वैश्विक उपस्थिति पनि देखाउँदै गएको छ। जसले नेपालको अन्तर्राष्ट्रिय छवि समेत निर्माण भएको छ।

### ७. *यातायात मन्त्रालय*

यातायातका विभिन्न क्षेत्रलाई एकै ठाउँमा जोडेर त्यसको व्यवस्थापन गर्नु सहज र प्रभावकारी हुन्छ। यस अन्तर्गत मुख्यतया हवाई, सडक, रेल र जल यातायात सबै राख्न सकिन्छ। यातायात नियमन र सुरक्षाको विषय यस अन्तर्गत पर्छ।

यस मन्त्रालयले मुख्यतया सार्वजनिक सूचना प्रवाह, मिडिया नीति, प्रकाशन तथा प्रशारण, टेलिफोन तथा डिजिटल सञ्चार आदि हेर्छ।

### ९. *कानून तथा न्याय मन्त्रालय*

यस मन्त्रालयले मुख्यतया कानून निर्माण र न्यायसम्बन्धी काम गर्छ। विशेषत: यसको क्षेत्राधिकारमा कानून, न्याय र संसदीय मामिला नै रहन्छ। यद्धपी नामको विश्वव्यापी ग्राह्यता, छोटो र सटिक तथा प्रभावकारी उच्चारण समेतलाई ध्यान दिँदा प्रस्तावित नाम उपयुक्त हुन्छ।

### १०. *पूर्वाधार विकास मन्त्रालय*

पूर्वाधार निर्माणका सम्पूर्ण कामको संयोजन यस मन्त्रालयले गर्नेछ। जस्तै सडक, सिंचाई, कृषि, पर्यटन, विजुली, खानेपानी, शैक्षिक तथा शहरी पूर्वाधार आदि यसका कार्यक्षेत्र हुन्।

### ११. *सामाजिक विकास मन्त्रालय*

यस मन्त्रालयले सामाजिक विकास र प्रगतिका सबै कामको संयोजन गर्छ। जसअन्तर्गत सामान्यतया सामाजिक सुरक्षा, कल्याणकारी कार्यक्रम, सीमान्तकृत समुदायको संरक्षण, महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, गरिबी निवारण तथा सामुदायिक सेवा आदि पर्दछन्। गैर सरकारी संस्थाहरुसँगको समन्वय तथा सामाजिक रुपान्तरणका काम समेत यसै मन्त्रालयले गर्छ।

### १२. *शिक्षा तथा संस्कृति मन्त्रालय*

यस मन्त्रालयले शिशु कक्षादेखि उच्च शिक्षासम्रुमका सबै शैक्षिक गतिविधिलाई सहजीकरण र समन्वय गर्छ। विशेष गरी शिक्षाकै माध्यमबाट संस्कृतिको निर्माण र संवर्द्धन हुने भएकाले संस्कृतिलाई यस मन्त्रालयको क्षेत्राधिकारमा राख्नु उचित हुन्छ। जसले नेपाली मौलिक संस्कृतिको निर्माण त्यसको प्रसारमा पनि भूमिका खेल्छ।

### १३. *स्वास्थ मन्त्रालय*

आरोग्यता, जनस्वास्थ्य, अस्पताल तथा स्वास्थ्य केन्द्र, रोग नियन्त्रण र रोकथाम, औषधीको गुणस्तर र नियमन, खोप तथा सचेतना कार्यक्रम, स्वास्थ्य नीति आदि यस मन्त्रालय अन्तर्गतका मुख्य कार्यक्षेत्र हुन्। नागरिकलाई स्वस्थ राख्न गरिने सबै प्रयत्न यसै मन्त्रालयबाट सहजीकरण गरिन्छ।

### १४. *कृषि मन्त्रालय*

यस मन्त्रालय अन्तर्गत मुख्यतया कृषिसम्बन्धी नीति र कृषिजन्य उत्पादन, सिँचाई, पशुपालन र मासुजन्य उत्पादन, खाद्य सुरक्षा, खाद्य गुणस्तर र पोषण आदि क्षेत्र पर्छ।

### १५. *विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय*

यस मन्त्रालयले विशेष गरी विज्ञान नीति तथा विज्ञान र प्रविधिमा आधारित अनुसन्धान र नवप्रवर्तनको नेतृत्व गर्छ। अन्तरसम्बन्धित मन्त्रालयको रुपमा काम गर्ने भएकाले यसले सबैलाई अनुसन्धानमा आधारित सिफारिसहरू गर्छ।

### १६. मानव संसाधन तथा रोजगार मन्त्रालय

यस मन्त्रालयले मूलत जनसंख्या सम्बन्धी लगत राख्ने र त्यसमा पनि कति जनशक्ति कुन कामका लागि सक्षम छ भन्ने तथ्याङ्क राख्छ। साथै कुन जनशक्तिलाई कहाँ र कुन काममा लगाउन सकिन्छ भन्ने पनि विश्लेषण गर्छ। यसका साथै जनशक्तिलाई रोजगारीसँग जोड्नु यसको मुख्य कार्यक्षेत्र हो। यसले श्रम तथा रोजगार नीति, तालिम तथा मानव पूँजीको विकास, श्रम अधिकार र श्रम सम्बन्ध आदि हेर्छ।

### १७. *उद्योग, व्यापार तथा लगानी मन्त्रालय*

यस मन्त्रालयले मुख्यतया औद्योगिक विकास, उद्योग स्थापना तथा उत्पादन, घरेलु तथा बाह्य व्यापार नियमन र लगानी आदि हेर्छ। जसले उद्यमशीलता विकास गरी उत्पादन र व्यापार प्रवर्द्धन गर्छ।

### १८. *उर्जा तथा प्राकृतिक स्रोत मन्त्रालय*

यस मन्त्रालयले मुख्यतया सबै प्राकृतिक स्रोत व्यवस्थापन र तिनको उपयोग सम्बन्धी कामलाई समन्वय गर्छ। हिमाल, जलस्रोत, खानी, भूमि, वन, उर्जा र वातावरण यसका मुख्य कार्यक्षेत्र हुन्। यसका साथै जैविक विविधता र जलवायु परिवर्तन पनि यसैअन्तर्गत पर्छ।

### *पुरक प्रस्तावहरू*

नेपाल सरकारले हाल संविधान संशोधनका लागि समेत बहसपत्र तयार गरिरहेको अवस्थामा संविधानमै व्यवस्था भएका केही पदनाम तथा कामलाई समेत सामान्य हेरफेर गर्न सकिन्छ।

### *मुख्य सचिव हैन प्रधान सचिव*

प्रधानमन्त्रीको कार्यालय मातहत मुख्य सचिवको नेतृत्वमा निजामती प्रशासन सञ्चालन गर्नु उपयुक्त हुन्छ। साथै संघीय संरचनामा रहेका पदनामको अगाडि प्रधान जोडिएकाले मुख्य सचिवलाई प्रधान सचिव कायम गर्नु उपयुक्त हुन्छ। प्रधानमन्त्री, प्रधान न्यायाधीश र प्रधान सेनापति भनेजस्तै प्रधान सचिव भनिनुले एकरुपता कायम हुन्छ। यस्तै महान्यायाधिवक्तालाई पनि प्रधान न्यायाधिवक्ता भन्नु राम्रो हुन्छ।

यसैगरी प्रहरी प्रमुखका रुपमा रहेका महानिरीक्षकको सट्टा प्रहरी प्रधान निरीक्षक, सशस्त्र प्रहरी प्रधान निरीक्षक तथा प्रधान अनुसन्धान निर्देशक आदि भन्नु प्रभावकारी र बोधगम्य हुन्छ।

यस्तै प्रदेश संरचनामा मुख्यमन्त्री वा मुख्य न्यायाधिवक्ता हुने भएकाले प्रदेशका प्रमुख सचिवलाई मुख्य सचिव भनिनु उक्तिसंगत हुन्छ। यसैगरी संवैधानिक आयोगहरूका प्रमुख आयुक्तलाई पनि प्रधान आयुक्त भन्नु उपयुक्त हुन्छ। यी र यस्ता पद नामले संघीयता र पहिचानलाई समेत सुदृढ बनाउँछ। साथै उच्चारणमा सहजता र संरचनामा एकरुपता पनि ल्याउँछ।

# आगामी बजेट सुधारवादी आउँछ : अर्थमन्त्री

दैनिक समाचारदाता

काठमाडौं, ४ जेठ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सरकारको मूल प्राथमिकता सुशासन, आर्थिक पुनर्संरचना, पूर्वाधार विस्तार रहेको बताएका छन्।

काठमाडौंमा सोमबार आयोजित नेपाल बिजनेस समिटिलाई सम्बोधन गर्दै उनले नेपाली जनताले दिएको अभूतपूर्व जनादेशलाई स्वीकार गर्दै वर्तमान सरकारले सुशासन, आर्थिक पुनर्संरचना, पूर्वाधार विस्तारलाई मूल प्राथमिकतामा राखेर काम गरिरहेको बताएका हुन्। अर्थमन्त्री वाग्लेले विगत १०-१५ वर्षको कुशासनका कारण नेपाली समाजले ठूलो मूल्य चुकाउनुपरेको भन्दै अब त्यसबाट मुक्त गराइने बताए।

'सुशासनको लाभांश' नेपाली समाजमा फैलाउने सरकारको लक्ष्य रहेको बताउँदै वाग्लेले आगामी बजेट सुधारवादी बजेट आउने बताए।

उनकाअनुसार सुशासन प्रवर्द्धनका लागि संस्थागत तथा कानुनी सुधार, दर्जनौं ऐन संशोधन, सूचना प्रविधि र डिजिटाइजेसनको व्यापक प्रयोग गरिनेछ।



ई-गभर्नेन्स, सार्वजनिक सेवा प्रवाह र डिजिटल अर्थतन्त्रको आधार निर्माणमा सरकारले प्राथमिकता दिइरहेको छ।

नेपालको अर्थतन्त्र विगत दुई दशकमा अत्यधिक रूपमा विप्रेषणमा आधारित बनेको छ। अब दिगो आर्थिक वृद्धिका स्रोत निर्माणमा जोड दिनुपर्छ। आगामी दशकहरूमा रेमिट्यान्समाथिको निर्भरता घटाउँदै स्वच्छ ऊर्जा, डिजिटाइजेसन, पर्यटन, हरित उत्पादन र उच्च मूल्यको कृषिलाई आर्थिक वृद्धिको आधार बनाउने नीति सरकारको रहेको उनले स्पष्ट पारे।

युवाहरूलाई नेपालमै बसेर विश्वसँग जोड्ने गरी डिजिटल अर्थतन्त्र निर्माणमा सरकारले विशेष ध्यान दिने बताउँदै अर्थमन्त्री वाग्लेले केही क्षेत्रहरूमा आयात प्रतिस्थापन र औद्योगिक नीति सञ्चालनका लागि सरकारले कार्यक्रमहरू अघि बढाउन लागेको जानकारी दिए।

पूर्वाधार विकासमा सरकारले एकीकृत दृष्टिकोण अपनाउने बताउँदै उनले सडक सञ्जाल विस्तार, ऊर्जा कनेक्टिभिटी, स्वच्छ ऊर्जा ग्रिड, भरपर्दो इन्टरनेट सेवा र उड्डयन सुरक्षामा विशेष जोड दिइने बताए।

नेपाललाई आन्तरिक रूपमा, क्षेत्रीय रूपमा र विश्वसँग थप मजबुत रूपमा जोड्ने लक्ष्य सरकारको रहेको उनको भनाइ थियो।

अर्थमन्त्री वाग्लेकाअनुसार सरकारले सामाजिक क्षेत्रतर्फ गुणस्तरीय स्वास्थ्य, शिक्षा, पोषण, आधारभूत वित्तीय पहुँच र दिगो सामाजिक सुरक्षा संरचना निर्माणलाई प्राथमिकतामा राखेको छ।

उनले वैदेशिक सम्बन्धलाई नयाँ ढंगले अघि बढाइने बताए। विश्वभरि रहेका गैरआवासीय नेपालीहरूको सञ्जाललाई केवल भावनात्मक सम्बन्धका रूपमा नभई लगानी, शैक्षिक आदानप्रदान र सांस्कृतिक प्रभाव विस्तारको माध्यमका रूपमा उपयोग गरिने समेत उनको भनाइ थियो।

भौतिक पूर्वाधार विस्तारमा निजी क्षेत्रको ठूलो लगानी आवश्यक रहेको उल्लेख गर्दै अर्थमन्त्री वाग्लेले सरकारको पूँजीगत खर्च मात्र पर्याप्त नहुने बताए।

# सेयर बजारमा सुक्खा कारोबार

दैनिक समाचारदाता

काठमाडौं, ४ जेठ। सेयर बजारमा कारोबार रकम सुक्खा



लागेको छ। सोमबार जम्मा २ अर्ब ४५ करोडको कारोबार भयो। पूरा अवधिभर (४ घण्टा) कारोबार हुँदाको अवस्थामा यो कारोबार रकम २ वर्ष (२०८१ वैशाख २४) यताकै न्यून हो। बजारमा दैनिक २९ अर्ब ९५ करोड रुपैयाँसम्मको कारोबार भएको रेकर्ड छ।

तर सर्किट ब्रेकरका कारण पूरा अवधि कारोबार नहुँदा फागुन २५ गते ५५ करोडको मात्रै कारोबार भएको थियो। सो दिन सर्किट ब्रेकर भएकाले न्यून भएको थियो।अघिल्लो दिन ३ अर्ब ९ करोडको कारोबार भएको थियो।

बजार परिसूचक नेप्से आज १.०३ अंक घटेको छ। सो कमीपछि नेप्से २७३० मा कायम भएको छ। ११९ कम्पनीको मूल्य बढ्दा १३२ को घट्यो भने १८ को स्थिर रह्यो। बैंकिङ ०.१४, विकास बैंक ०.०३, हाइड्रोपावर ०.१६, लगानी ०.०९ तथा अन्य समूह ०.३१ प्रतिशत बढे।

फाइनान्स ०.०१, होटल तथा पर्यटन ०.२३, जीवन बीमा ०.०७, उत्पादन तथा प्रशोधन ०.५८, माइक्रोफाइनान्स ०.२४, निर्जीवन बीमा ०.६९ र व्यापार ०.४८ प्रतिशत घटे।

इडवा हाइड्रोपावरको मूल्य सबैभन्दा धेरै ८.४२ प्रतिशत बढ्यो। त्यस्तै बुंगल हाइड्रोपावरको ६.३२, सगरमाथा जलविद्युत् कम्पनीको ३.२८ प्रतिशत बढ्यो। एसवाई प्यानलको मूल्य ३.६० प्रतिशत घट्यो।

आज धेरै कारोबार भएका कम्पनीमा साहस ऊर्जा, रिलायन्स स्पिनिङ मिल्स, एसवाई प्यानल, अपि पावर र शिवम् सिमेन्ट छन्।

# नेदरल्यान्ड पुग्यो ह्यान्टा भाइरस प्रभावित क्रुज जहाज



एजेन्सी

एम्स्टरड्याम ४ जेठ। ह्यान्टा भाइरस प्रकोपको चपेटामा परेको क्रुज जहाज एमभी होन्डियस अन्ततः आफ्नै देश फर्किएको छ। जहाज नेदरल्यान्डको रोटरड्याम बन्दरगाहमा पुगेको हो।

अहिले जहाजलाई पूर्ण डिसइन्फेक्सन गर्न सुरु गरिएको छ। जहाजमा रहेका २५ जना चालक दलका सदस्य र दुई जना मेडिकल कर्मचारी सुरक्षित रूपमा पुगेको जनाइएको छ। यात्रुहरूलाई भने पहिले नै विभिन्न स्थानमा उतारिसकिएको थियो। जहाज सञ्चालक कम्पनी ओसनवाइड एक्सपेडिसन्सका अनुसार हालसम्म जहाजमा रहेका कुनै पनि व्यक्तिमा रोगका लक्षण देखिएको छैन।

यो जहाज पछिल्लो ६ दिनमा क्यानरी टापुहरूबाट यात्रा गर्दै आएको थियो, जहाँ यात्रुहरूलाई पहिले नै खाली गराएर २० भन्दा बढी देशतर्फ उडानमार्फत क्वारेनटिनमा पठाइएको थियो। प्रकोपका कारण कम्तीमा तीन यात्रुको मृत्यु भएको पुष्टि गरिएको छ, जसमा एक डच दम्पती पनि रहेका छन्।

उनीहरू दक्षिण अमेरिकाको भ्रमणका क्रममा प्रारम्भिक रूपमा सङ्क्रमणमा परेका हुनसक्ने स्वास्थ्य अधिकारीहरूले अनुमान गरेका छन्। हालसम्म कम्तीमा ११ जनामा सङ्क्रमण देखिएको र ९ वटा केस पुष्टि भइसकेको जनाइएको छ।

विश्व स्वास्थ्य सङ्गठनले यो प्रकोपलाई हालका लागि न्यून जोखिमको रूपमा मूल्याङ्कन गरेको छ। तर यात्रु र चालक दलमा पहिले नै सङ्क्रमण भएको हुनसक्ने भएकाले थप केस देखिन सक्ने चेतावनी पनि दिइएको छ।

क्यानडाको जनस्वास्थ्य एजेन्सीले जहाज छोडेर क्वारेनटिनमा रहेका ४ क्यानेडियनमध्ये १ जनामा सङ्क्रमण पुष्टि भएको जनाएको छ। नेदरल्यान्डको स्वास्थ्य मन्त्रालयका अनुसार बाँकी चालक दलका सदस्यहरूलाई पनि क्वारेनटिनमा राखिनेछ र जहाज पूर्ण रूपमा सुरक्षित प्रक्रिया पूरा भएपछि मात्र पुनः सञ्चालनयोग्य बनाइनेछ।

# छात्रालाई साइकल र शैक्षिक सामग्री वितरण



दैनिक समाचारदाता

सप्तरी, ४ जेठ। सप्तरीको महदेवा गाउँपालिकामा अध्ययनरत गरिब, दलित तथा विपन्न परिवारका छात्रालाई साइकलसहित शैक्षिक सामग्री वितरण गरिएको छ।

हाम्रो समाज नेपाल ले नेपाल भिलेज फाउन्डेसन को सहयोगमा सञ्चालन गरेको 'बालिका शिक्षा परियोजना' अन्तर्गत कक्षा ७ देखि १२ सम्म अध्ययनरत ७९ जना छात्रालाई आइतबार सामग्री वितरण गरिएको हो।

नेपाल भिलेज फाउन्डेसनका निर्देशक कृतनारायण शर्मा का अनुसार कक्षा ७ देखि १० सम्म नयाँ भर्ना भएका २१ जना छात्रालाई साइकलसहित शैक्षिक सामग्री तथा ५८ जना छात्रालाई शैक्षिक सामग्री उपलब्ध गराइएको हो।उनले छात्रालाई वर्षभरि पुग्ने गरी कपी, डटपेन, पेन्सिल, क्यालकुलेटर, ज्यामिति बक्स, स्कूल ब्याग र छातासहितका सामग्री प्रदान गरिएको जानकारी दिए।

संस्थाका परियोजना प्रमुख रामनारायण शर्मा ले महदेवा गाउँपालिकाका सबै वडाबाट गरिब, दलित तथा विपन्न परिवारका बालिका छनोट गरी प्रत्येक वर्ष साइकल तथा शैक्षिक सामग्री वितरण गर्दै आएको बताए। उनका अनुसार यस अभियानले छोरीहरूको शिक्षामा पहुँच बढाउन सहयोग पुगेको छ।

सहयोग पाएपछि छात्राहरूले खुसी व्यक्त गरेका छन्। माध्यमिक विद्यालय बथनाहाकी कक्षा १० की छात्रा प्रियाकुमारी गिरिले आर्थिक अभावका कारण कपी-कलम किन्नसमेत कठिन हुने अवस्थामा यस्तो सहयोगले अध्ययनमा सहजता थपिएको बताइन्। त्यस्तै पायलकुमारी गिरी र मोनिका रायले साइकल पाएपछि टाढाको विद्यालय आउजाउ गर्न सहज भएको प्रतिक्रिया दिएका छन्।संस्थाकी अध्यक्ष शिवानीकुमारी शर्मा को अध्यक्षतामा आयोजित कार्यक्रममा संस्थापक वैद्यनाथ यादव लगायतले छात्रालाई साइकल तथा शैक्षिक सामग्री हस्तान्तरण गरेका थिए।

संस्थापक यादवले हाम्रो समाज नेपाल ले २०६७ सालदेखि निरन्तर बालिका शिक्षामा सहयोग गर्दै आएको तथा विपद्का बेला अग्निपीडित र बाढीपीडितलाई समेत सहयोग पुऱ्याउँदै आएको बताए।

# चुरे दोहनले मधेश संकटमा : महन्थ ठाकुर

दैनिक समाचारदाता



काठमाडौं ४ जेठ। महन्थ ठाकुरले चुरे र भावर क्षेत्रमा भइरहेको अनियन्त्रित दोहनका कारण मधेश गम्भीर संकटतर्फ धकेलिएको बताएका छन्।

राष्ट्रिय सभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको सोमबारको बैठकमा बोल्दै ठाकुरले विकासका नाममा प्राकृतिक स्रोतको अत्यधिक दोहन भइरहेको टिप्पणी गरे। उनले चुरे विनाशका कारण वर्षायाममा उत्तर क्षेत्रमा कटान र दक्षिणतर्फ डुबानको समस्या भयावह बन्दै गएको बताए।

महिनौंसम्म बस्ती डुबानमा पर्दासमेत राज्यका निकायले आवश्यक ध्यान नदिएको भन्दै उनले असन्तुष्टि जनाए। वातावरणीय चेतनाको अभाव र प्राकृतिक विनाशका कारण विगतमा स्थापित विद्यालयहरू समेत बन्द हुने अवस्थामा पुगेको उनको भनाइ थियो।

ठाकुरले बजेट विनियोजन र खर्च प्रक्रिया पारदर्शी नभएको आरोप पनि लगाए। "बजेट जान्छ, तर त्यसको प्रतिफल देखिँदैन। आधा बजेट कहाँ हराउँछ, पत्तो हुँदैन," भन्दै उनले विकास योजनाहरू कागजमा सीमित भएको टिप्पणी गरे।

विगतमा विनियोजन गरिएका बजेटले लक्षित वर्ग र क्षेत्रलाई प्रभाव पार्न नसकेको उल्लेख गर्दै उनले यसपटकको बजेट 'बालुवामा पानी' सरह नबनोस् भन्ने अपेक्षा व्यक्त गरे।

उनले सरकारलाई मधेशको संवेदनशीलता बुझेर विकास योजनाहरूलाई परिणाममुखी ढंगले कार्यान्वयन गर्न आग्रह गरे।

# सर्वोच्चको आदेशमाथि संसद्मा प्रश्न

दैनिक समाचारदाता

काठमाडौं ४ जेठ। प्रस्तावित प्रधानन्यायाधीश नियुक्ति प्रक्रियाविरुद्ध दायर रिट निवेदन दर्ता गर्न कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लले दिएको आदेशप्रति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रतिनिधिसभामा आपत्ति जनाएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा नियमावलीमाथिको छलफलका क्रममा विशेष समय लिएर रास्वपा सांसद यज्ञमणि न्यौपानेले कामु प्रधानन्यायाधीश मल्लको कदमप्रति नियमापत्ति जनाएका हुन्।



अधिवक्तासमेत रहेका सांसद न्यौपानेले अदालतको प्रशासनिक तथा न्यायिक कार्यप्रणालीका स्थापित मूल्य, मान्यता र प्रक्रियाविपरीत उक्त आदेश आएको दाबी गरे।

यसैबीच, प्रधानन्यायाधीश सिफारिससम्बन्धी रिट दरपीठविरुद्धका निवेदन सोमबार नै दर्ता गर्न आदेश दिएपछि सर्वोच्च अदालतभित्र असामान्य अवस्था सिर्जना भएको बताइएको छ। कायममुकायम प्रधानन्यायाधीश मल्लले प्रशासनबाट दरपीठ गरिएका रिट दर्ता गर्न आदेश दिएलगत्तै सर्वोच्च प्रशासनका कर्मचारीहरू कार्यालय छाडेर बाहिरिएको जनाइएको छ। त्यसपछि अदालत प्रशासनका अधिकांश शाखा खाली देखिएका छन्।

# ‘खेली मधेश, जिती मधेश’ नारासहित प्रदेशस्तरीय खेलकुद सुरु




दैनिक समाचारदाता

जनकपुरधाम, ४ जेठ । मधेशका आठवटै जिल्लाका खेलाडीको सहभागितामा “खेली मधेश, जिती मधेश” भन्ने मूल नारासहित प्रदेशस्तरीय खेलकुद प्रतियोगिता सुरु भएको छ ।

मधेश खेलकुद परिषद् को आयोजनामा सोमबारदेखि जनकपुरधामस्थित कभर्डहलमा विभिन्न १९ विधाका खेल प्रतियोगिता सञ्चालन गरिएको हो । प्रदेशभर खेलकुदको विकास, खेलाडीको क्षमता अभिवृद्धि तथा राष्ट्रियस्तरका प्रतियोगिताका लागि दक्ष खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको परिषद्ले जनाएको छ ।

प्रतियोगिताअन्तर्गत भलिबल, फुटबल, टेबलटेनिस, खो-खो, ह्याण्डबल, तेक्वान्दो, बास्केटबल, जुडो, ब्याडमिन्टन, भारोत्तोलन, वृद्धिचाल, उसु र हक्कीलगायतका खेल समावेश छन् ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै परिषद्का सदस्य सचिव शिवजीप्रसाद कानु ले प्रदेशमा खेलकुद गतिविधिलाई सशक्त बनाउँदै युवालाई खेलतर्फ आकर्षित गर्ने उद्देश्यले प्रतियोगिता सञ्चालन गरिएको बताए । उनले खेललाई व्यवसायीकरण गर्दै खेलाडी तथा मधेश प्रदेशको समग्र विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।

कानुले परिषद्ले खेलकुद क्षेत्रमा “क्रान्ति ल्याउने” गरी २३ खेल विधालाई अघि बढाउने तयारी भइरहेको जानकारी दिए । प्रतियोगिताका खेलहरू प्रदेशका आठवटै जिल्लाका खेलमैदान तथा कभर्डहलमा सञ्चालन हुने उनले बताए ।

कार्यक्रममा मधेश प्रदेशका पूर्वमन्त्री तथा मधेश प्रदेश भलिबल सङ्घ का अध्यक्ष ज्ञानेन्द्र कुमार यादव ले खेलाडीको हकअधिकार, सेवा-सुविधा तथा उपयुक्त खेल वातावरण निर्माणका लागि नीतिगत सुधार आवश्यक रहेको बताए । गाउँ-टोलमा लुकेका खेल प्रतिभालाई उजागर गर्न खेलमय वातावरण सिर्जना गर्नुपर्नेमा उनले जोड दिए ।

उनले उत्कृष्ट खेलाडीका लागि छात्रवृत्ति व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याउँदै देशका कुनाकाप्चाबाट खेलाडीलाई राष्ट्रियस्तरसम्म पुग्ने वातावरण निर्माण गर्नुपर्ने धारणा राखे ।

प्रतियोगितामा मधेश प्रदेशका आठवटै जिल्लाबाट खेलाडी, प्रशिक्षक तथा खेल पदाधिकारीको सहभागिता रहेको छ । परिषद्का अनुसार प्रत्येक जिल्लाबाट १६७ पुरुष खेलाडी, १०८ महिला खेलाडी, १८ प्रशिक्षक र १० व्यवस्थापक गरी ३०३ जना सहभागी छन् । १९ खेल विधामा प्रदेशभरबाट कुल दुई हजार ४७२ खेलाडी सहभागी भएका छन् ।

परिषद्का अनुसार दुई करोड ५५ लाख रुपैयाँ लागतमा सञ्चालन भएको प्रतियोगितामा प्रथम हुने टोलीलाई २५ हजार रुपैयाँ, द्वितीयलाई १५ हजार रुपैयाँ र तृतीयलाई १० हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ ।

# कांग्रेसद्वारा १२ उपसमिति गठन



दैनिक समाचारदाता

काठमाडौं ४ जेठ । नेपाली कांग्रेस को केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले पार्टीको नीतिगत सुधार तथा सामाजिक मुद्दामा केन्द्रित भएर १२ उपसमिति गठन गरेको छ ।

पार्टी उपसभापति एवं प्रतिष्ठान प्रमुख विश्वप्रकाश शर्मा ले सोमबार विभिन्न विषयगत क्षेत्रमा काम गर्ने उद्देश्यसहित उपसमितिहरू गठन गरेका हुन् ।

प्रतिष्ठानअन्तर्गत भूमि व्यवस्था विशेष अभियान उपसमितिको जिम्मेवारी डा. गोपाल दहितलाई दिइएको छ । उक्त उपसमितिले सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको दीर्घकालीन समाधानका विषयमा काम गर्ने बताइएको छ । यस्तै, विपद् व्यवस्थापन उपसमितिको नेतृत्व मानबहादुर थापाले गर्नेछन् भने मानसिक स्वास्थ्य सचेतना उपसमितिको जिम्मेवारी मोहना अन्सारीलाई दिइएको छ ।

त्यसैगरी सूचना, प्रविधि तथा डिजिटल सुशासन उपसमितिमा ई. दीपेश विष्ट, निर्वाचन प्रणाली सुधार उपसमितिमा जनक चटौत, पूर्वाधार विकास अवधारणा उपसमितिमा ई. अमृत ज्ञवाली, उद्यमशीलता, नवप्रवर्तन तथा रोजगार उपसमितिमा खगेन्द्र आचार्य र शिक्षा तथा शिक्षालय नीति उपसमितिमा डा. कृष्णप्रसाद पौडेललाई जिम्मेवारी तोकिएको छ ।

यस्तै, बिपी ज्ञान केन्द्र उपसमितिमा प्रकाश लामिछाने, जातीय विभेदविरुद्ध सचेतना उपसमितिमा एलिजा ढकाल, डिजिटल सचेतना तथा तथ्य जाँच उपसमितिमा प्रकृति भट्टराई र ग्रिन टेबल उपसमितिमा कञ्चन झालाई जिम्मेवारी दिइएको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलाल ले जानकारी दिए ।

यससँगै पार्टीको आन्तरिक आचारसंहिता निर्माणका लागि उपप्रमुख मधु आचार्य को संयोजकत्वमा पाँच सदस्यीय समिति पनि गठन गरिएको छ ।

# सुनको मूल्य बढ्यो, चाँदी घट्यो

दैनिक समाचारदाता

काठमाडौं ४ जेठ । सोमबार सुनको भाउ केही बढेको छ भने चाँदी घटेको छ । अघिल्लो दिन तोलामा ४ हजार ५ सय रुपैयाँ घटेको सुन आज ८ सय रुपैयाँ बढेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासंघले यस दिनका लागि सुनको भाउ तोलाको २ लाख ९४ हजार ८ सय रुपैयाँ तय गरेको छ । अघिल्लो दिन २ लाख ९४ हजार रुपैयाँ थियो । त्यस्तै गत सोमबार सुनको भाउ २ लाख ९८ हजार ५ सय रुपैयाँमा कारोबार भएको थियो ।

चाँदीको भाउ केही घटेको छ । अघिल्लो दिन तोलामा ५ हजार ६० रुपैयाँ रहेको चाँदी आज २० रुपैयाँ घटेर ५ हजार ४० रुपैयाँ कायम भएको छ । गत सोमबार चाँदी ५ हजार ३४० रुपैयाँमा कारोबार भएको थियो ।

# मधेशबाट ३५ सडकआश्रित मानवको उद्धार

दैनिक समाचारदाता

जनकपुरधाम, ४ जेठ । मानव सेवा आश्रम को टोलीले मधेश प्रदेशका विभिन्न स्थानबाट ३५ जना सडकआश्रित मानवको उद्धार गरेको छ ।

आश्रम र आनी छोइङ ड्रोल्मा फाउन्डेसन को सहकार्यमा सञ्चालन भइरहेको ‘मेची-महाकाली राष्ट्रिय उद्धार यात्रा २०८३’ अन्तर्गत आइतबार साँझसम्म उक्त उद्धार गरिएको हो । मानव सेवा आश्रमकी केन्द्रीय महासचिव सुशिला केसी का अनुसार उद्धार गरिएकामध्ये २८ जना पुरुष र सात जना महिला रहेका छन् । वर्षायाममा कसैले पनि सडकपेटीमा कष्टकर जीवन बिताउन नपरोस् भन्ने उद्देश्यले अभियान सञ्चालन गरिएको उनले बताइन् ।

उनका अनुसार कोशी प्रदेशबाट यसअघि ४८ जना सडकआश्रित मानवको उद्धार गरिएको थियो, जसमध्ये ३६ जना



पुरुष र १२ जना महिला छन् ।

महासचिव केसीले सडक मानवमुक्त देश बनाउने सरकारी अभियानलाई सफल बनाउन आश्रमका अभियान्ता देशव्यापी उद्धार यात्रामा खटिएको जानकारी दिइन् । सडकपेटी, सार्वजनिक स्थल तथा बजार क्षेत्रमा कष्टकर जीवन बिताइरहेका व्यक्तिलाई उद्धार गरी आश्रममा संरक्षण, उपचार तथा पुनःस्थापनाको व्यवस्था गर्दै आएको उनले बताइन् ।

वैशाख २७ गते काठमाडौंबाट सुरु भएको अभियान जेठ २२ गतेसम्म सञ्चालन हुनेछ । मेची पुलमा दीप प्रज्ज्वलन गरी औपचारिक रूपमा सुरु गरिएको यात्रामा २४ जना सहभागी छन् ।

सडकआश्रित व्यक्ति देखिएमा उद्धार कार्यमा सहजीकरण गर्न नजिकको प्रहरी कार्यालय वा आश्रमलाई जानकारी गराइ सहयोग गर्न महासचिव केसीले सबैसँग आग्रह गरेकी छन् ।

# पहिरोले मध्यपहाडी लोकमार्गमा अवरुद्ध

दैनिक समाचारदाता

काठमाडौं ४ जेठ । बेमौसमी वर्षाका कारण पहिरो खस्दा मध्यपहाडी लोकमार्ग पूर्ण रुपमा अवरुद्ध भएको छ । आज बिहान करिब ७ बजे लमजुङको मध्यनेपाल नगरपालिका-१० विमिरेभञ्ज्याङस्थित मध्यपहाडी लोकमार्गमा वर्षातको कारण माथिबाट पहिरो खस्दा सडकमा यातायात पूर्ण रुपमा अवरुद्ध भएको नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिए ।अवरुद्ध भएका सडक तथा राजमार्गमा सवारी गर्दा सावधानी अपनाउन प्रहरीले यात्रुहरूलाई आग्रह गरेको छ ।

## आगलागी

सानो आगो भनी बेवास्ता नगर,
क्षणमै हुन सक्छ खरानी ठुलो घर
ध्यान दिऔं, सजग रहौं, आगलागीबाट
जीवन सुरक्षित बनाऔं ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम


# नेपाल विश्व स्वास्थ्य महासभाको उपाध्यक्षमा निर्वाचित

दैनिक समाचारदाता

काठमाडौं ४ जेठ । नेपाल विश्व स्वास्थ्य सङ्गठनको ७९औं विश्व स्वास्थ्य महासभाको उपाध्यक्षमा निर्वाचित भएको छ । स्विट्जरल्यान्डको जेनेभामा भइरहेको महासभाको उपाध्यक्षमा नेपाल सर्वसम्मत रूपमा निर्वाचित भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले जानकारी दिए।

उनका अनुसार जेनेभास्थित पाले डे नेसन्समा आज आयोजित महासभाको उद्घाटन सत्रमा यो ऐतिहासिक निर्वाचन भएको हो। महासभाको सोही सत्रमा आजै नेपालका तर्फबाट स्वास्थ्यमन्त्री निशा मेहताले सम्बोधन गर्ने कार्यक्रम रहेको मन्त्रालयका सहप्रवक्ता डा. अधिकारीले जानकारी दिए। स्वास्थ्यमन्त्रीको नेतृत्वमा आइतबार नेपाली प्रतिनिधिमण्डल जेनेभा गएको थियो।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४